म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ७७ सोमबार, १७ कात्तिक २०८२ ने. सं. ११४६ कछलाथ्व 3 November 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौ ।**

- ☞ चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- ☞ मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- ☞ चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- ☞ धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- ☞ असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ,
- ☞ एक अर्काको चाडपर्वप्रति सम्मान गरौं,
- ☞ अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

### संघीय सरकारसँग सहकार्य गरेर अघि बढ्ने मुख्यमन्त्रीहरूको प्रतिबद्धता

# निर्वाचनको वातावरणका लागि संघ सरकारसँग सहकार्य गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा आइतबार सातै प्रदेशका मुख्यमन्त्रीसँगको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकमा सातै प्रदेशका मुख्यमन्त्रीले निर्वाचनको वातावरण निर्माणका लागि संघ सरकारसँग सहकार्य गर्न तयार रहेको बताएका छन् । प्रधानमन्त्री कार्कीले राजनीतिक दलसहित सबै पक्षसँग संवाद र छलफल अघि बढाएकामा सह्राहना गर्दै निर्वाचनका पक्षमा वातावरण बनाउन यी कदम फलदायी बन्ने विश्वास पनि व्यक्त गरिन् । मुख्यमन्त्रीहरुले निर्वाचनको प्रमुख चुनौती शान्तिसुरक्षाको विषय रहेकाले यसमा गम्भीरतासाथ लाग्नुपर्ने धारणा राखेका थिए ।

संघ, प्रदेश र स्थानीय सरकारले आपसी सहकार्य, समन्वय र सहअस्तित्वको भावनासहित काम गरेमा तोकिएकै मितिमा निर्वाचन गर्न सकिने उनीहरुको भनाई थियो । बैठकमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेशको संवैधानिक अस्तित्व, सहकार्य र समन्वयको भावनालाई संघीय सरकारले आत्मसात् गर्नुपर्नेमा जोड दिए । निर्वाचनको तयारीका सिलसिलामा बोलाइएको छलफलमा मुख्यमन्त्री बानियाँले प्रदेश सरकारहरु संघीयता कार्यान्वयनका लागि महत्वपूर्ण



अंग रहेको बताए ।

उनले असोज ५ मा संघीय सरकारले प्रदेश सरकारलाई जानकारी नदिई प्रमुख सचिवलाई सोझै परिपत्र गरेको विषयमा टिप्पणी गर्दै संविधान अनुसार प्रदेश सरकारको अस्तित्वलाई स्वीकार गरेर अघि बढ्न प्रधानमन्त्रीलाई आग्रह गरे । 'प्रदेश भनेको केन्द्रको इकाई होइन । केन्द्र मातहतको होइन । 'संविधानले दिएको तीन तहको सरकारअनुसारको व्यवहार हुनुपर्‍यो भन्ने माग राखिएको छ ।' छलफल पछिको कुराकानीमा मुख्यमन्त्री बानियाँले भने, 'परिपत्र संविधान, कानुन र ऐनअनुसारै होला । तर, प्रदेशमा सरकार छ । सरकारलाई नलेखी सोझै सचिवलाई लेख्दा हामीलाई निकम्मा जस्तो व्यवहार गरियो ।'

प्रधानमन्त्रीको अध्यक्षतामा रहने अन्तरप्रदेश समन्वय परिषद्को बैठक अविलम्ब बोलाउन पनि मुख्यमन्त्रीहरुले आग्रह गरेका मुख्यमन्त्री बानियाँको भनाई छ । बैठकले आपसी समझदारी बढाउन र काम गर्न सहज हुने बानियाँले बताए । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भने, 'म एमालेको प्रतिनिधित्व गर्छु । हामी चुनावका विरोधी होइनौं । तर, चुनावको वातावरण बनाउन संघ सरकार लागोस् र त्यसमा हाम्रो भूमिकालाई पनि नबिर्सोस् । अबको निकास चुनाव नै हो ।' जेनजी आन्दोलनका क्रममा क्षति पुगेका संरचना पुनःनिर्माणका लागि संघ सरकारले नै प्याकेज ल्याउनुपर्ने सुझाव उनीहरुले दिए ।

मुख्यमन्त्रीहरुले खर्च कटौतीका लागि संघीय सरकारले गरेको परिपत्रले प्रदेश सरकारको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजेको हो कि ? भन्ने आशंका उत्पन्न भएको बताए । संघ सरकारले कानुनले तोकेभन्दा बढी सहयोगी र सल्लाहकार राख्न नपाउने, १० लाख रुपैयाँभन्दा माथिका योजनाको ठेक्कामा अनिवार्य बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराउनुपर्ने जस्ता मार्गदर्शन गरेको थियो । जेनजी आन्दोलनबाट गठित सरकारले न्यायिक, प्रशासनिक सुधारका काम नगरेको तर, प्रदेशका राजनीतिक पदाधिकारीको सुविधामा मात्र लक्षित गरी परिपत्र गरेको हो कि ? भन्ने आशंका पनि उनीहरूले व्यक्त गरे ।

मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनारले खडेरी र अतिवृष्टिबाट प्रभावित किसानका लागि राहत घोषणा गर्न माग गरे । मुख्यमन्त्रीहरुले डेडिकेटेड फिडरको बक्यौता नबुझाउने उद्योगको बिजुलीको लाइन काट्ने निर्णयले उद्योगका साथै मजदुर र सरकारको राजस्वमा असर गर्नेतर्फ पनि ध्यानाकर्षण गराए । प्रधानमन्त्री कार्कीले पनि राजनीतिक दल नै यस व्यवस्थाका वाहक भएकाले जतिसक्दो छिटो निर्वाचन गरी दलीय सरकारलाई सत्ता हस्तान्तरण गर्न आतुर रहेको बताइन् ।

प्रधानमन्त्री कार्कीले परिवर्तित अवस्थामा संघ र प्रदेश सरकारबीच संवाद र सहकार्यलाई थप सघन बनाउनका लागि बैठक आह्वान गरेकी हुन् । बैठकमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्की, मधेश प्रदेशका मुख्यमन्त्री सोनार (सोनल), बागमती प्रदेशका मुख्यमन्त्री बानियाँ, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री कँडेल र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह सहभागी थिए ।

# मकवानपुरमा भएको छुट्टाछुट्टै दुर्घटनामा एक जनाको मृत्यु




साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ मकवानपुरमा भएको छुट्टाछुट्टै दुर्घटनामा एक जनाको मृत्यु भएको छ । छ जना घाइते भएका छन् ।

हेटौंडा उपमहानगर पालिका-८ स्थित राजपानी टोलको भित्री सडक खण्डमा मोटरसाइकल दुर्घटना हुँदा हेटौंडा -८ को कमानेका आयुष बस्नेतको गएराति मृत्यु भएको हो । कालिका मन्दिरबाट कमानेतर्फ जाँदै गरेको बा.प्र.०६-००२ प ४८६२ नं. को मोटरसाइकल अनियन्त्रित भई पल्टिएर दुर्घटना भएपछि मोटरसाइकल चालक २४ वर्षीय बस्नेतलाई घाइते अवस्था उद्दार गरिएको बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले जनाएको छ । बस्नेतलाई उपचारको लागि हेटौंडा अस्पताल पठाएकोमा डाक्टरले जाँच गर्नेक्रममा शनिबार राति मृतघोषणा गरेको प्रहरीको भनाइ छ ।

यस्तै, मदन भण्डारी लोकमार्गअन्तर्गत मकवानपुरको बकैया गाउँपालिका-४ पानधुरेमा शनिबार राति १०:३० बजे मोटर साइकल दुर्घटनामा चालकसहित तीनजना घाइते भएका छन् । पानधुरेबाट हात्तीसुँडेतर्फ आउँदै गरेको बा.प्र.०२-०३८ प ८११४ न.को मोटरसाइकलले सोहीस्थान बस्ने पैदलयात्री बद्री गौतमलाई ठक्कर दिएको हो । मोटरसाइकल चालक सोहीस्थान बस्ने वर्ष २५ को फुर्साङ घलान र मोटरसाइकल पछाडि सवार सोहीस्थान बस्ने १७ वर्षीय आकाश भोलनसमेत घाइते भएका छन् । गौतम र घलानको शरीरको विभिन्न भागमा चोट लागेर अवस्था गम्भीर रहेको र भोलनको अवस्था सामान्य रहेको रहेको प्रहरीले जनाएको छ ।

भोलन मकवानपुर सहकारी अस्पताल हेटौंडामा उपचारपछि घर फर्किएका छन् । घलान र गौतमलाई थप उपचारका लागि आइतबार नयाँ मेडिकल कलेज चितवनमा पठाइएको छ । यसैगरी फाखले-हुमाने-काठमाडौं सडक खण्डको इन्द्रसरोवर गाउँपालिका-४ महालक्ष्मीखोलामा काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको वा.प्र.०६-००१ ज ०५२८ न.को विद्युतीय गाडी गएराति ९:१५ बजेको समयमा चिप्लियर सडकबाट करिब २० मिटर तलखसी दुर्घटना हुँदा गाडीका चालकसहित तीनजना घाइते भएका छन् ।

प्रदेश प्रहरी कार्यालयका अनुसार रौतहटको परवाहा नगर पालिका-५ का वर्ष २२ का प्रवेश अन्सारी, २२ वर्षीय मुसाद आलम र पहिचना नखुलेका एक व्यक्ति दुर्घटनामा घाइते भएका हुन् । अन्सारी र आलमको ट्रमा सेन्टर काठमाडौंमा उपचार भइरहेको छ ।

# मैनटारमा संचालित खानेपानी योजना बोर्डमा हस्तान्तरण




साझाकुरा संवाददाता


हेटौंडा, १६ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१ मैनटारमा संचालित खानेपानी योजना हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको छ ।

आइतबार एक कार्यक्रम बीच खानेपानी योजना बोर्डमा हस्तान्तरण भएको हो । हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको छ । खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको यो सत्रौ उपभोक्ता समिति हो । हेटौंडा उपमहानर उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा भएको हस्तान्तरण कार्यक्रममा हेटौंडा वडा नं. १ का वडाअध्यक्ष सविन न्यौपाने, हेटौडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप बिष्ट, बोर्ड सदस्य इन्द्रप्रसाद नेपाल, वडासदस्य रामकृष्ण अधिकारी, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटा र इन्जिनियर विपिनराज वाग्लेको आतिथ्यता एवम् खानेपानी उपभोक्ता समितिका अध्यक्ष दिलबहादुर सुनारको सभाअध्यक्षतामा सम्पन्न भएको हो ।

बागमती प्रदेश सरकारको खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयअन्तर्गत रहेको खानेपानी तथा सरसफाई डिभिजन नं. १, हेटौंडा, मकवानपुरबाट करिब १ करोड १० लाख रुपैयाँको लगानी र उपभोक्ताको लागतसहभागिता गरी १ करोड ४० लाखको लागतमा निर्मित १ लाख लिटर क्षमताको पानी टंकी, समवेल, करिब ५ किमि पाइपलाइन सहितका पूर्वाधार एवम् हालसम्म जडान भई पानी संचालनमा रहेको ६९ वटा धारा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गरिएको हो । कार्यक्रममा उपभोक्ता समितिका सचिव बैकुण्ठ पराजुलीले स्वागत मन्तव्य सहित कार्यक्रम संचालन गर्नुका साथै वडासदस्य रामकृष्ण अधिकारीले आयोजनाको बारेमा विस्तृत जानकारी दिए ।

कार्यक्रममा स्थानीय खानेपानी उपभोक्ताबाट राखिएको जिज्ञासाको सहजिकरण खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप बिष्टले प्रस्ट पारेका थिए । कार्यक्रममा स्थानीय खानेपानी उपभोक्ता, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका कर्मचारी, वडा नं. १ मैनटार तथा लालझाडी क्षेत्रका सामाजिक व्यक्तिको उपस्थिति रहेको थियो ।

# मकवानपुरमा बर्सेनी साइबर अपराधका घटना बढ्दै



साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ मकवानपुरमा बर्सेनि साइबर अपराधका घटना बढ्दै गएका छन् । इन्टरनेटको प्रयोग गरेर स्क्याम तथा अनलाइन ठगीको घटना बढ्दै गएको हो ।

अनलाइनबाट स्क्याम वा ठगी हुने क्रम बढेपछि प्रहरीमा उजुरी दिनेको संख्या पनि बढ्दै गएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । चालु आवको २०८२/८३ को पहिलो तीन महिनामा मात्रै अनलाइन ठगी वा स्क्याममा परेको भन्दै ५२ जनाले उजुरी दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवं प्रवक्ता पुष्कर बोगटीले बताए । गत आर्थिक वर्ष २०८१/८२ मा २ सय २३ जनाले अनलाइन स्क्याम भएको भन्दै जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिएका थिए ।

अघिल्लो आवमा २०८०/८१ मा अनलाइन ठगीविरुद्ध ९४ जनाको मात्र प्रहरीमा उजुरी परेको प्रहरीको तथ्यांक छ । विशेषगरी ईसेवा, अनलाइन बैकिङ लगायतका अनलाइनबाट आर्थिक कारोबारमा ठगी अर्थात् साइबर अपराधसम्बन्धी उजुरी आउने गरेको प्रहरीले जनाएको छ । अनलाइन किनमेलमा पनि ठगी हुने गरेको भनी प्रहरी कार्यालयमा उजुरी आउने गरेको प्रहरी प्रवक्ता बोगटीले बताए ।

अनलाइन ठगीपछि पीडितको समस्या समाधान भने कमैको मात्र हुने गरेको छ । गत आवमा २ सय २३ जनाले उजुरी गरेकोमा २७ जना पीडितको मात्रै समस्या समाधान भएको पनि प्रहरीको तथ्यांक छ ।

चालु आवको साउनयता ५२ जनाले अनलाइन ठगीमा परेको भन्दै उजुरी दिएकोमा हालसम्म २ वटा उजुरीको मात्र टुंगो लागेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरमा चालु आर्थिक वर्षको असोजसम्म फेसबुक ह्याक, फेक फेसबुक आईडी, टिकटकलगायत सामाजिक सञ्जालसम्बन्धी अपराध विरुद्ध २४ वटा उजुरी परेका छन् । गत आवमा १ सय ७० वटा सामाजिक सञ्जालसम्बन्धी साइबर अपराध विरुद्ध उजुरीहरु परेको प्रहरी कार्यालयले जनाएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- ☞ कार वास भित्र/बाहिर
- ☞ वायरिङ मर्मत
- ☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- ☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- ☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- ☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- ☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- ☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालुवामा पानी हाले जस्तो बजेट

राजनीतिक अवस्था परिवर्तन भएपनि जनताको अवस्था परिवर्तन भने हुन सकेन । २०४६, २०६३, २०८२ मा ठूला आन्दोलन भए । त्यो आन्दालनले ब्यवस्था परिवर्तन पनि गऱ्यो । तर, अवस्था भने उही र उस्तै छ । असार लागेपछि भएभरका बजेट खर्च गर्ने । वर्षमा ११ महिना सतेर बस्ने र असारमा सबै काम सम्पन्न गर्ने परिपाटीको अन्त्य हुन सकेको छैन । कार्याकर्तामुखी योजनामा कनिका छरे झैं बजेट बनाउने र पहुँचवाला नेताको गृहजिल्लामा मात्र बजेट आइऱ्याउने परम्परा पुरानै हो । बालुवामा पानी हालेको जस्तो बजेट बनाउन नहुने बताइएको छ । यो कुरा बजेट बनाउनेहरुले नै उठाएका हुन् । राजनीतिक अभिष्ट पुरा गर्नको लागि मात्रै बजेट बनाउने परिपाटी अन्त्य गर्नुपर्ने माग उनीहरुको छ । यसको मतलव सरकारले जनताको लागि भन्दा पनि आफ्नो स्वार्थका लागि बजेट ल्याउने गरेको प्रष्ट हुन्छ । वित्तीय संघीयता सुदृढीकरणका लागि सातै प्रदेशका आर्थिक मामिला मन्त्रीहरुले साझा प्रतिबद्धता जनाएका छन् ।

बागमती प्रदेशको राजधानी हेटौंडामा शनिबार आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा भएको अन्तरक्रियाबाट हेटौंडा घोषणापत्र जारी गर्दै उनीहरुले संविधानले प्रत्याभूति गरेको वित्तीय संघीयताको मर्मलाई व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गरे । घोषणापत्रमा वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन, वित्तीय स्वायत्तता र आन्तरिक राजस्व सुदृढीकरण, कानूनी तथा नीतिगत सुधार, आयोजना तथा बजेट प्रणालीमा सुधार, अन्तर-प्रादेशिक समन्वय र स्थायी संयन्त्र निर्माण, जेनजी पुस्ताप्रतिको जवाफदेहिता र सुशासन प्रवर्द्धनलगायतका २५ बुँदा समावेश गरिएको छ । घोषणापत्रले जेनजी पुस्ताको माग र प्रदर्शनले राजनीतिक सुधार, पारदर्शिता र जवाफदेहितामार्फत् शासनप्रतिको जनआकांक्षा उजागर गरेको निष्कर्ष निकालेको छ । जेनजी पुस्ताको भावना आत्मसात् गर्दै प्रदेशका नीति, कार्यक्रम र बजेट प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । जेनजी आन्दोलनका क्रममा भएका क्षतिको पुनर्निर्माणका लागि संघीय सरकारसँग आवश्यक सहयोग माग गरिएको छ । घोषणापत्रमा संघीयताको राजस्व अधिकार अझै केन्द्रिकृत तर, कार्य जिम्मेवारी विकेन्द्रित रहेको उल्लेख गर्दै, कार्यभार र विकास आवश्यकताका आधारमा वित्तीय हस्तान्तरण गर्नुपर्ने सुझाव दिइएको छ । नेपाल सरकारको वार्षिक बजेट वृद्धिसँगै वित्तीय समानिकरण अनुदानमा पनि वृद्धि गर्नुपर्ने, सशर्त अनुदानका आयोजना विषयगत क्षेत्रमा एकमुष्ट पठाइनुपर्ने माग गरिएको छ । संघीय सरकारले राष्ट्रिय गौरव तथा रणनीतिक महत्वका आयोजना मात्र कार्यान्वयन गर्नुपर्ने, अन्य आयोजना प्रदेश र स्थानीय तहमार्फत् कार्यान्वयन गर्नुपर्ने पनि घोषणापत्रमा उल्लेख छ । प्रदेश सरकारका मन्त्री, प्रदेशसभा सदस्य र पदाधिकारीको सेवासुविधासम्बन्धी निर्णय सम्बन्धमा संघीय अर्थ मन्त्रालयले जारी गरेको विज्ञप्तीप्रति सातै प्रदेशका अर्थमन्त्रीको ध्यानाकर्षण भएको जनाइएको छ ।

यस विषयमा प्रदेश सरकारले कानुन बनाएर सबै प्रदेशमा एकरुपता कायम गर्ने व्यवस्था मिलाउने प्रतिबद्धता गरिएको छ । घोषणापत्रमा प्रदेश सरकारले आफ्ना यथार्थ आयका आधारमा बजेट तयार गर्ने, आयोजना बैंक प्रणाली कार्यान्वयन गरी प्राथमिकताका आधारमा आयोजना छनोट गर्ने र प्रदेशले निर्धारण गर्ने सवारीसाधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, दर तथा शुल्कमा सबै प्रदेशबीच एकरुपता कायम गर्न पहल गर्ने उल्लेख गरिएको छ ।बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले लगानीबाट प्रतिफल आउनुपर्ने र पुन: त्यो प्रतिफललाई अन्यक्षेत्रमा लगानी गर्न सक्ने वातावरण बनाउनुपर्ने बताएका छन् । लक्ष्य पुरा गर्न सक्ने र जनतालाई रोजगारीको अवसर सिर्जना गर्ने बजेटलाई सातवटै प्रदेशले प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावना अनुसार मुलुक चल्न सक्यो कि सकेन ? भनेर दलहरुले आत्मसमीक्षा गर्नुपर्ने बेला भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कात्तिक १८ गते मंगलबार ४ नोभेम्बर २०२५ । चतुर्दशी, कात्तिक शुक्लपक्ष। कछलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:१७ सूर्यास्त ५:१६ । युनेस्को दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ हुनसक्नेछ | तुला | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| वृष | : काममा सफलता मिल्नेछ | वृश्चिक | : अहंकारको भावले काम विगार्नेछ |
| मिथुन | : अधुरा कामहरु पूरा हुनेछ | धनु | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कर्कट | : स्वास्थ्यको समस्या आउनेछ | मकर | : व्यापार राम्रो चल्नेछ |
| सिंह | : परिवारमा सुखद माहौल रहनेछ | कुम्भ | : मानसिक सन्तोष हुनेछ |
| कन्या | : स्थिति अनुकूल बन्नेछ | मीन | : धन प्राप्ति हुनेछ |

# विद्रोहपछिको डेलिभरीमा चुक्नुहुन्न जेनजी



✍ डा. लोक भट्टराई

नेपालमा जेनजी आन्दोलनमा ठूलो संख्यामा सर्वसाधारणको समर्थन रह्यो । आन्दोलनको क्रममा जुन अक्षम्य हिंसा भयो । दोस्रो दिन सार्वजनिक सम्पत्तिको अकल्पनीय विनाश भयो । यो भर्त्सना योग्य छ । त्यो नर संहार र सार्वजनिक सम्पत्ति विनाससँग जोडिएका जो सुकै भए पनि कठघरामा आउनै पर्छ । त्यसमा जेनजीको संलग्नता थियो भने जेनजीले पनि जिम्मेवारी लिनुपर्छ । उपलब्धिमा दाबी गर्नेले जिम्मेवारी लिनुपर्ने प्राकृतिक न्यायको सिद्धान्त नै हो ।

यसबेला जेनजी आन्दोलन एवं नेपाल र नेपालीको भविष्यसँग जोडिएका धेरै प्रश्नहरू अनुत्तरित छन् । यतिबेला जे उपलब्धि भएको छ, त्यसको उपयोग गर्ने कुरामा सबैको र खासगरी जेनजी पुस्ताको ध्यान जान जरुरी छ ।

साथै अर्को के कुरा प्रष्ट हुन जरुरी छ भने आन्दोलन जेनजीले अगुवाइ गरेको भए पनि त्यो समग्र देशको भावना थियो र अरु वर्गको पनि नैतिक समर्थन थियो । जसका कारण यो आन्दोलन सफल हुन सकेको हो । अत: अब गरिने सुधारको कार्यक्रम जेनजी पुस्तालाई मात्र हैन देशका लागि हुनुपर्छ । जेनजी पुस्ताले आफ्नो पुस्ताको भावना व्यक्त गर्न वा माग राख्न सक्छ, झन् अहिले त उनीहरू नै मुख्य स्टेकहोल्डर भएका छन् । तर सँगसँगै 'हामी मात्रै हौं ' भन्ने भावना लिएको भए जेनजीले त्यो त्याग्नु पर्छ ।

विगतमा पार्टीहरुमा बूढा नेताको हालीमुहाली थियो । तसर्थ एक हिसाबले सबैलाई पाको मान्छे चाहिं हरेक हिसाबले निकम्मा र आउट-डेटेड भन्ने भ्रम परेको हो । जुन कुरालाई त्यत्ति सजिलै त्यसरी सामान्यीकरण गर्नु हुँदैन ।

माथि भने झैं अब सबैभन्दा मुख्य कुरा, आन्दोलनको परिणामलाई जनताको चाहना पूरा गर्ने कुरामा प्रयोग गर्नुपर्ने चुनौती खडा छ । त्यो सजिलो छैन, नेपालको सन्दर्भमा त झन् पटक्कै छैन । यसका लागि एउटा कुरा जानेर, बुझेर वा एउटा काम गरेर वा विषयको विज्ञताबाट मात्र त्यो सम्भव छैन ।

भ्रस्टाचार निर्मुल गर्ने व्यवस्था गर्नुछ, कानुनको राज स्थापित गर्नुछ, प्रशाशन र व्यवस्था निकम्मा छ त्यसलाई यु-टर्न गराउन आवश्यक छ । शिक्षा, स्वास्थ्य, रोजगारी उद्धयम, कृषि, वातावरण, ऊर्जा, निर्यात व्यापार, उत्पादन, वितरण, यातायात, आदि, गर्नु पर्ने धेरै छ । त्यो सबै गर्न जेनजी पुस्ता मात्र सक्षम छन् भन्ने कदापी हैन । त्यसैले अगाडिको प्रश्न भनेको- अब त्यो सब कसरी गर्ने ? स्रोत कहाँबाट ल्याउने, योजना कसरी बनाउने, लागू कसले, कहाँ, कसरी गर्ने भन्ने हो ।

राजनीतिक प्रणाली, संविधान, कानुन निर्माण र अन्तर्राष्ट्रिय मान्यता र समर्थनको अर्को पाटोको कुरा त झन् बेग्लै पाटो भयो । त्यसमाथि नयाँ सरकारको पहिलो केही दिनको काम हेर्दा आशाभन्दा निराशा गर्ने कुरा नै बढी देखिन्छ । पुरानो पद्दतिभन्दा माथि उठेर काम गर्ने भिजन भएका मान्छे आवश्यक पर्छ भन्ने सोच ल्याउन जरुरी छ ।

नेपालदेखि बाहिर बसेर प्रतिष्टित डिग्री र अनुभव भएका नेपालीको ठूलो समुदाय रहेको छ तर त्यतातिर सोच र दृष्टि पुगेको देखिएन । संसारमा यस्तै जन-विद्रोह पछि उल्लेख्य प्रगति गर्ने देशहरु पनि छन्, परिस्थिति झन् बिग्रेका देशहरु पनि छन् । जहाँ विद्रोहले अभूतपूर्व सुधारको बाटो लियो चाहे त्यो अर्मेनिया होस्, या जर्जिया होस्, या दक्षिण कोरिया । ती देशले विदेशमा रहेका आफ्ना नागरिकको क्षमताको प्रयोग गर्ने कुरालाई महत्व दियो, दिएको देखियो ।

अर्मेनियाले 'डायस्पोरा मन्त्रालय' नै स्थापना गऱ्यो । जर्जियाले त्यहाँको चर्चित 'रोज रिभोलुसन' पछि 'मिनिस्ट्री फर रिफर्म को-अर्डिनेसन' स्थापना गरेको थियो ।

तर, सबै कुरा दिन वा गर्न जेनजी अहिल्यै र आजै सफल हुनु पर्छ भन्ने हैन । मलाई थाहा छ, जसरी जेनजीको आन्दोलन उठ्यो त्यस हिसाबले हेर्दा यसको कुनै संगठन र अधिकारिक नेता नहुनु अनौठो पनि हैन । उदाहरण धेरै देशको हुन सक्छ, तर म मुख्य गरि यहाँ ४ वटा देशको बारेमा कुरा गर्नेछु । इजिप्ट, सुडान, युक्रेन र लिबिया ।



असफलताको उदाहरण बनेका देशहरुमा सैनिक संलग्नता र हस्तक्षेप, सुरक्षाको चुनौती, ल एण्ड अर्डर, वैदेशिक हस्तक्षेप, विद्रोहीहरुका बीच मनमुटाव, पुराना एलिटहरुको बोलबाला रहिरहने अवस्था जस्ता चुनौती देखिएका थिए ।

अफ्रिकी मुलुक इजिप्टमा २०११-२०१३ का बीच 'अरब स्प्रिङ' भनेर जानिने विशाल विद्रोह भएको थियो । विद्रोहका क्रममा आर्थिक वृद्धि, बेरोजगारी, भ्रस्टाचारको मुद्दा जोडतोडले उठेको भए पनि मोर्सि सरकारले विद्रोहको भावना अनुसार कामै गर्न सकेन ।

त्यस्तै २०११ मा लिबियामा उठेको ठूलो विद्रोहले कर्नेल गद्दाफीको शासन ढालेको थियो । विद्रोह पछिको सरकारले पुनर्निर्माण, मिलिसिया आतंकको अन्त, प्रजातान्त्रिक वातावरण दिने कुरामा प्रतिबद्धता गरे पनि त्यो हुन सकेन । बरु दैनिक आवश्यकताको कुरामा कटौती, राष्ट्रिय विखन्डन, भ्रष्टाचार जस्ता कुरा बढेर गए । त्यस्तै अर्को उदाहरण हुन सक्छ सुडानको ।

सन् २०१८-१९ ताका अफ्रिकी मुलुक सुडानमा ओमार बसिर सरकार प्रति भयङ्कर विद्रोह भड्केको थियो । सुरुवात दैनिक उपभोग्य वस्तुमा भएको अचाक्ली मूल्य वृद्धिको कुरालाई लिएर भएको थियो । त्योसँगै आर्थिक सुधार, भ्रस्टाचार नियन्त्रण, जन-उत्तरदायी सरकार जो विद्रोहीले चाहेका थिए, त्यो विद्रोहबाट जन्मेको सरकारले दिनै सकेन । त्यसै गरि २००४-२००५ ताका सोभियत संघ टुक्रिएर बनेको मुलुक युक्रेनमा व्यापक जन-विद्रोह भड्केको थियो ।

'अरेन्ज रिभोलुसन' भनेर चिनिने त्यो विद्रोह मार्फत जनताले भ्रस्टाचारको अन्त्य, आर्थिक बृद्धि, रुसी हस्तक्षेपको अन्त्य हुनु पर्ने जस्ता माग राखेका थिए । तर जनताको चाहना त पूरा भएन नै, देश झन् अस्थिर दिशा तिर मोडियो, आन्दोलनकारी नेताहरु बीचमै तानातानी र संघर्ष हुन थाल्यो ।

यी प्राय सबै असफलताको उदाहरण बनेका देशहरुमा सैनिक संलग्नता र हस्तक्षेप, सुरक्षाको चुनौती, ल एण्ड अर्डर, वैदेशिक हस्तक्षेप, विद्रोहीहरुका बीच मनमुटाव, पुराना एलिटहरुको बोलबाला रहिरहने अवस्था जस्ता चुनौती देखिएका थिए । नेतृत्व छनवट, नीति, कार्यक्रम, योजना, संस्थागत सुधार, संचार र समन्यव लगायत तमाम कुरामा कमजोरी त भएकै थिए । तसर्थ यी चार वटा मात्रै उदाहरणले पनि हाम्रो देशको जेनजी विद्रोह र त्यसपछि काम गर्न अघि सर्नेहरुलाई सावधान र सचेत गराउन सक्छ ।

आन्दोलन गरेर मात्र हुँदैन, विद्रोह पछिको डेलिभरी गर्न भिजन, कार्यक्रम, र प्रबन्ध त्यसै अनुसारको हुनुपर्छ भन्ने कुरामा जेनजी पुस्ता जानकार हुनुपर्छ ।

*(सभार: अनलाइनखबर)*

# नाममात्रको सुशासन



✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

दर्जन वर्षमा दर्जन नै प्रधानमन्त्री फेरिने देश हो हाम्रो । अस्थिर राजनीति र अस्थिर प्रशासनमा विकास र समृद्धिको नारा बेकारको हुन्छ र त आँटिला मानिस बसेनन् यहाँ, जोसिला मान्छे गए खाडी र मलेसियामा । रेमिट्यान्सको भोको र विश्वको विप्रेषणमा चलेको देश हो यो, जहाँ पासपोर्टको लागतभन्दा हजारौं बढीमा बिक्री भई मानिस निर्यात र अधिकांश वस्तु आयात हुन्छ । महानगरले फूलमा प्रतिबन्ध लाइदिंदा फूलको कष्ट साह्रै महँगो भयो यसपालि तिहारमा । सवा सय वर्षमा ३५ सय मेगावाट बिजुली उत्पादन गरेर सबै आफू प्रयोग गर्न नसक्ने अनि प्रयोग हुने विकास र उद्योगधन्दाहरुमा भोटेताल्चा लगाउने देश पनि हाम्रै हो, कोरा प्रशासन र कुरुप सुशासन बोकेको लोभतन्त्रको काम हो यो ।

साझा बस, ट्रली बस, ईंटा कारखाना, छालाजुत्ता कारखाना, भृकुटी पेपर मिल, गोर खकाली रबर उद्योग, रोजिन एन्ड टर्पेन्टाइन, हेटौँडा सिमेन्ट, बालाजु कपडा उद्योग, उदयपुर सिमेन्ट कारखानामा दलीय झन्डा गाडेर देशको अस्मिता बेच्दै लुटधन्दा चलाई सबैतिर राजनीतिको बीउ छर्ने देश पनि हाम्रै हो । बेरोजगार नेपाली र तिनको शव अनि बाकसबन्दीमा खाडीबाट फर्केको रोगग्रस्त मनस्थिति बोकेर त्यसैमा राजनीति गर्ने र मरेको २ वर्षपछि विपिन फिर्ता ल्याउने देश हाम्रै हो, जहाँ अधिक ऋण छ, अधिक व्यापारघाटा छ, अधिक महँगी छ र अझै पनि विप्रेषण चल्ने अनि भोट नचल्ने उही परम्परा छ ।

देश लुट्ने क्रममा राजननीतिक ठूला कार्यकर्ताहरुले औषधोपचारमा १० अर्ब बढी रकम देशलाई नोक्सान पार्ने, जनतालाई भोकमरी र बेरोजगारमा राखेर कोरोनामा समेत कमिसन देख्ने लोभतन्त्र अहिले ढलेको छ तर देशै ढाल्ने आँधिबेहरी आएर सबैको भागाभाग हुँदा पनि तिनको अहंकार उस्तै रहेको देख्दा अचम्म लाग्छ । सक्किने कि सच्चिने अन्तिम विकल्प त उनान्असीमै थियो तर संसदीय प्रणाली मर्यादा विपरीत गएर ठूला दलकै हालिमुहालीमा परेको देशमा नयाँ हावा चल्यो भाद्र २३ र २४ मा, नसोचेको भयो र देशको इतिहास नै अर्को भइदियो । सिंहदरबार मात्रै जलेन, ढलेन, अधिकांश प्रशासनयन्त्र रहेका घर, भवनहरु जले, ढले मात्रै होइन, धेरै राजनीतिका अखडा बनेका व्यापारिक मलहरु पनि जले, ढले, जसले अखडा बनाएका थिए, अब तिनले सिँगौरी खेल्न नसक्ने भएका छन् ।

राणा शासनविरुद्ध होमिएको देशमा बुच कमिसन भनौं प्रशासन सुधारका योजना आए वि.सं. २००९ तिरै । प्रशासन पुनर्गठन योजना आयो, बन्यो २०१३ सालतिरै । प्रशासन सुधार आयोग बन्यो २०२५ तिरै । अर्को सुधार आयोग बन्यो २०३२ तिरै । २०४८ मा अर्को बन्यो । २०५५ सालमा त २५ बर्से सार्वजनिक प्रशासनको गुरुयोजना अध्ययन प्रतिवेदन नै बन्यो । पछिल्ला दिनहरुमा पनि भ्रष्टाचार नियन्त्रण सुझाव समितिहरु बने । आयोग, समितिको कुनै कमी भएन । २०५६ मा भ्रष्टाचार नियन्त्रण प्रतिवेदन आयो भने सार्वजनिक खर्च पुनरावलोकन आयोग २०५७ मा आयो ।

निजामती सेवामा तहगत प्रणाली लागू भयो, मानव संशाधन मन्त्रालयको गठन प्रतिवेदन २०६२, प्रशासन पुनर्संरचना आयोग प्रतिवेदन २०६५, निजामती सेवा उत्प्रेरणाको विद्यमान अवस्था सर्वेक्षण प्रतिवेदन २०६८, प्रशासन सुधार सुझाव प्रतिवेदन २०६८, २०७०, उच्चस्तरीय सुधारको कार्यान्वयन प्रतिवेदन २०७६ आदि जे जति बने पनि निजामती सेवा लोकतान्त्रिक भएन र गराउन चाहेनन् राजनीतिकर्मीहरुले । पछिल्लो समय संसद् विघटनपूर्व सुशासन समितिका सभापति नै छक्का दाउमा परेर राजीनामामा जानुपरेको अवस्था रह्यो ।

प्रशासनयन्त्रमा तरमारा र लोभी-पापीहरुको जमात रह्यो, सुशासन नाममात्रको र ह्यो र कसैमा जिम्मेवारीबोध भएन । जसरी भए पनि आफ्नो दुनो सोझ्याउने र देशको ढुकुटीमा रजाइँ गर्ने पम्परा बस्यो । दल र दलका भ्रातृ संगठनहरुले त्यही सिकाए र मालदार कार्यालय छान्दै धन कमाउनतिर लागे । जनताको मन कमाउनतिर नलाग्दा नै भाद्रमा देशका संरचनाहरु ध्वस्त भएका हुन् । सिंहदरबारले आम नेपालीलाई सुशासन दिएन, संसद्ले आम जनताको मुद्दा उठाएन, सर्वोच्च अदालतले आम जनतालाई न्याय दिलाउन सकेन, सबैतिर ठेकेदारी उन्मूलन पनि हुन सकेन ।

भैंसेपाटीमा आलिशान महल बनाउने लोभतन्त्रले बालुवाटारलाई दलको अखडा बन्यायो र शीतलनिवास पनि दलीयकरणमा पर्दा नागरिकता विधेयकमा को सभामुख थिए, पहिले को राष्ट्रपतिले विधेयक रोके ? कसरी खुलाइयो तमाम विषय, आम नागरिक्लाई अनभिज्ञ भएको विषय बनेन । पाँच वर्षमा देशलाई थपिएको ऋण र व्यापार घाटा, एक-दुई दशकमा आएको उत्पादनको मन्दी र विदेशीहरुले सधैं देशलाई क्रीडास्थल, फूलबारी बनाएको पनि विषय पनि अवगत छ । राजदूत आउँदा वा समुद्रपारबाट टेलिफोन आउँदा थर्कमान हुने नेताजीहरुले देशको माटो, गिट्टी बेचे, नदीनाला बेचे, असमान सन्धि गरे, सम्झौता गरे, देशको नक्सालाई आफैँ राखे अरुलाई दिएनन्, त्यो पनि झुटको राजनीति गरे, विदेशीलाई चिढ्याए, कहिले भारुराम भए, कहिले ठोरीराम भए, कहिले शिवचाम्लिङ भए ।

जे भए, मनगढन्ते भए । सुशासनका नाममा जनतालाई दिनुसम्मको दु:ख दिए । वाइडबडी खानेहरुले ललितानिवास खाए, सेरा दरबार भजाए, टीकापुर खाए, नक्साल बालमन्दिर मात्रै खाएनन्, बाँसबारी खाए, एनसेल खाए, विद्युत् बक्यौता खाए, भुटानी शरणार्थी खाए, गिरिबन्धु खाए, दरबार ट्रस्टको जग्गा खाए, गोकर्ण रिसोर्टदेखि सबै खाए, खुवाए, राजदूत खाए, खुवाए, जोडी नै सांसद बनाए, निमुखाको कोटा खाँदै राष्ट्रिय सभामा लगे । पति, पत्नी, साला, साली, ससुरा, भाइ, भतिज, जुवाइँ, छोरीलाई देश खाने बनाए, खुवाए । यति निकृष्ट चाला लोकतन्त्रमा सुहाउँदैनथ्यो र जति भने पनि नलागेपछि जनता उठे धक्काए, सुरुङ धस्काए, घर र भित्रका सुनखानीदेखि डलर खेतीको सबै पर्दाफास गरि दिए । बूढानीलकण्ठ अब बसिसक्नु छैन, न बालकोट नै छ, पुल्चोकदेखि भैंसेपाटीसम्म र टावरदेखि कतै सुरक्षित छैन । बाथरुममा गएर ज्यान जोगाउने परिवेश बन्यो देशका महामहिम भनिएकाहरुलाई । श्रीलंका, बंगलादेशको अवस्था आउन सक्छ समयमा बुद्धि नपुगे भनी धेरैपल्ट भनिरहँदा कानमा बतास लागेन र अहिले भागे । बच्दा र पछि पनि स्वर र अहंकारमा कमी आएको देखिएको छैन ।

लोकतन्त्रको आदर्श भनेकै सुशासन हो, पारदर्शिता हो, जिम्मेवारीबोध हो र कुनै आदर्श हाम्रो लोभतन्त्रले बोक्नै सकेन । पढे-लेखेका व्यक्तिहरु पुगेनन् त्यहाँ । देशको इतिहास, धर्म, मौलिक संस्कृति र सभ्यता बुझेनन् । जे बुझे आयातीत बुझे । विदेशीहरुको धेरै जुठो खाए, आफ्ना नातालाई सुविधा दिए, आम नागरिकहरुलाई निर्णय तहमा पुग्न दिएनन्, पुगिहाले पनि सहभागी बनाएनन्, माइनसमा राखे ।

संस्कार-संस्कृति बेचुवा, धर्मछाडा, होलिवाइनका नायकहरुले देशका उद्योगधन्दाहरुलाई स्वाहा पारे । आम बेरोजार बनाए । कृषिमा मात्रै होइन, सेवाक्षेत्रमा पनि उपद्रो नै गरे, माटोलाई विषाक्त बनाए, वायुमण्डल नै बिगारे । खण्ड वृष्टि, अनावृष्टि, अतिवृष्टि धेरै यिनकै पालामा भएको हो । पूर्वाधार कुनै समयमा पूरा भएन, गलिरह्यो, हिउँद-वर्षै जनता असुरक्षित रहे, औषधिमूलो पाएनन् । बिमाको भुक्तानी भएन । उखु किसान तड्पिए । चामलका लागि बालुवाटार पुग्नुपर्ने र सधैं थापाथली मण्डला जगाउनुपर्ने संघीयता ल्याइयो । टोल-टोलमा राजा बनाए, जनतालाई रैति बनाए । एक छाक खान, एक झुम्रो लगाउन खाडी जानुपर्ने बनाइयो । गाउँमा जन्ती-मलामी नहुने र डोजर आतंक गराएर वन, बाटो, कान्ला, खेत, बारी धसे । ठेक्कापट्टाबाट देशलाई सिध्याए, कुरुप बनाए ।

राजनीतिको चुनाव धेरै महँगो बनाए, पैसावाला व्यापारीलाई नै छाता ओढाए । शिक्षा, स्वास्थ्य धेरै महँगो पारे । राजस्व तिर्नै नसक्ने मात्रै पारेनन्, कर असुलीका लागि टोले गुण्डाहरु जम्मा गरेर आम सर्वसाधारणको रगत चुसे, गिदी खाए, किशोरीहरु बलात्कृत भए, आम मानिस निराश भई आत्महत्या गर्न बाध्य पारे, बैंक लोन तिर्न सकेनन्, रुखमा आँप फलेन, लास फल्ने गराए । सम्पूर्ण वस्तु आयात हुने भयो । चामलमा आत्मनिर्भरको खोक्रो नारा दिए । जीउको जनैसमेत विदेशबाट आउने गराए । शान्तिसुरक्षा दिन सकेनन् । लगानी वातावरण तय गर्न सकेनन् । ऋण बढ्ने, अनुदान घट्ने बनाए । वैदेशिक लगानी खुम्च्याए । बजार सहजीकरण भएन, किनेर खान्छु भन्दा वस्तु सहज आपूर्ति भएन र कम मूल्यमा किनेको तेल भारी मूल्यमा बेचेर नेपाली आम उपभोक्ताको घाँटी सुकाए । मेलम्चीमा अधिक राजनीति गरे ।

पूर्वाधार देशको माटो सुहाउँदो भएन । विकास मोडेल माटो सुहाउँदो भएन । प्रकृतिले पनि ठग्न बाध्य भएर हरेक वर्ष बगायो सडक, मान्छे र सवारीसाधनहरु । जलवायु संकट भन्दै राजनीतिकर्मीहरु विदशीको भीक्षा माग्न गए । यता संरक्षण गर्न सकेनन् र पछिल्लो समय सुरुङमा सुनखानी भेटियो । अनुशासनको धज्जी उडाइयो, सोझालाई कानुन लगाइयो, बाठा र चाटुकदार विश्वविद्यालयमा ढुंगा हान्दा बालुवाटार मै गएर लुके, बसे । सुरक्षाकर्मीहरुलाई आफ्नो बनाए, कर्मचारीलाई दलको खेताला बनाए । तमाम संघसंस्थाहरुलाई दलीयकरण गरे । त्यसैको प्रतिफल थियो भाद्र २३ र २४ । तर तिनकै स्वर ठूलो हुने वातावरण बनाउँदै छ नयाँ नेतृत्वले पनि, यसमा दु:ख लागेको छ ।

आन्दोलनको उद्देश्य र गतिअनुसारको काम अहिले भइराखेको छैन । संवैधानिक अंग सबै पुरानै छन्, नियुक्ति सबै पुरानै छन् । सरकारी संयन्त्रहरु सबै पुरानै छन् भनेपछि आउने भनिएको चुनावबाट प्रगति के हुन्छ ? फेरि उही अनुहार आउने हो भने सिंहदरबार ढल्नु र जल्नुको अर्थ के हुन्छ ? त्रिपालमुनि गएको सर्वोच्चको अर्थ के हुन्छ, देशै ध्वस्त हुने गरी भएको आगोको ज्वालाको अर्थ के हुन्छ ? भाटभटेनीको राजनीतिको गन्ध, हिल्टन होटेलको राजनीति अनि त्यसकै कारण देशको दुर्दशा र पर्यटन क्षेत्र तहस नहस हुनुको अर्थ के रहन्छ ? हुने बिरुवाको चिल्लो पात हुनुपर्ने हो, उदाउँदो घामले दिने संकेत सकारात्मक देखिनुपर्ने हो । सरकार परिवर्तनकै लागि मात्र देशमा यति ठूलो रक्तपात, भयावह स्थिति र भयंकर पूर्वाधारको नोक्सान भएको हो त ? सच्चिने कहिले, को र कसरी ? खोइ खाका आएको ? अन्योलतामै बितिरहेको छ समय । नाममात्रको सुशासन कहिलेसम्म ? आशाको दियो बलोस् । *(साभार:न्यूज अफ नेपाल)*

# जेनजी विद्रोहसँगै ब्युँझिएको कांग्रेस फेरि अलमलियो



काठमाडौं/जेनजी विद्रोहका बेला सत्तासाझेदार रहेका नेपाली कांग्रेस पहिलो पार्टी थियो, जसले युवा उभारको भावनालाई उच्च मूल्यांकन गरेको थियो । कांग्रेसका थुप्रै नेताहरूको घरमा आगजनी हुँदा, यसका सभापति शेरबहादुर देउवा स्वयम् विध्वंशकारीहरूको भिडमा निर्घात कुटिँदासमेत कांग्रेसले नवयुवाहरूलाई सम्मान दिन कमी राखेन । विध्वंश र वितण्डाको प्रष्ट विरोध, अनि शासकीय नालायकी र कुशासनका विरुद्धमा नयाँ पुस्ताको आक्रामक पहरेदारीलाई कांग्रेसका नेताहरूले क्याबात् भने ।

गगन थापा, विश्वप्रकाश शर्मालगायत शीर्षस्थ नेताहरूले बीचका वर्षहरूमा पार्टीभित्र पर्याप्त दबाब र जागरण पैदा गर्न नसकेकामा आत्मालोचित भए । उनीहरूले आफूहरू ०६२-६३ को चेतनाभन्दा अघि बढ्न सकेनौं कि भनी आत्मसमीक्षा गरे । अनि पार्टीभित्र र बाहिर, समग्र राज्यसंरचनामा नवयुवाहरूको कुरा सुनिनुपर्ने भन्दै त्यसै अनुरुप पार्टीपंक्तिलाई डोर्याउने बाचा गरे ।

देशभित्र बाहिर छरिएको कांग्रेसको ठूलो पंक्तिले त्यो आवाजलाई आत्मसात् गर्‍यो पनि । त्यसै अनुसार कांग्रेसका पदाधिकारी बैठकका एजेन्डा तय गरिए । अनि केन्द्रीय कार्यसमिति पनि बस्ने घोषणा गरियो ।

कांग्रेस केन्द्रीय समितिको बैठक आह्वान गरेको तीन साता पुग्न लाग्यो । तर हालसम्म बैठकमा एजेन्डा प्रस्ताव गरी छलफल गर्ने वातावरण बनेको छैन । यस्तो लाग्छ, कुनै बेला परिवर्तनको नेतृत्व गरेर आएको यो ठूला पार्टी यति बेला नबदलिन जब्बर छ ।

२१ फागुनको प्रतिनिधि सभा चुनावअघि नियमित वा विशेष महाधिवेशन हुनुपर्ने एक पक्षको अडान र चुनावअघि महाधिवेशन गर्नै नहुने अर्को विचारका बीच कांग्रेस रुमल्लिएको छ । कांग्रेसले यो बुझिरहेको छैन- महाधिवेशन र पार्टी पुनर्गठन उसको आन्तरिक मामिला मात्रै होइन किन्तु यो देशको परिवर्तनको आवाज सुन्ने सामर्थ्य आजका दिनमा यसले राख्छ कि राख्दैन भन्ने प्रश्न पनि हो ।

महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा नियमित हुन नसके विशेष महाधिवेशन गर्नुपर्ने अडानमा छन् । संस्थापन इतरका नेता डा. शेखर कोइराला पक्षधरले नियमित महाधिवेशनमा जोड दिएका छन् ।

संस्थापनमा मूलत: पूर्वपदाधिकारीहरूको समूह चुनावअघि महाधिवेशन गर्ने पक्षमा नदेखिएको नेताहरूको दाबी छ । नेताहरू ध्रुवीकृत भई आफ्नो विचारबाट टसमस नहुँदा सहमति जुट्न सकेको छैन ।

अर्को प्रतिष्पर्धी पार्टी एमाले र यसका नेताहरूले दिइरहेका अभिव्यक्तिबाट समेत कांग्रेस प्रभावित हुन पुगेको देखिन्छ । एमाले अध्यक्ष केपी ओलीले शनिबारमात्रै आफूले राजनीतिक कांग्रेसलाई सुन्ने तर प्रचारबाजी कांग्रेसलाई नसुन्ने जिकिर गरेका थिए । उनले महामन्त्री थापा र शर्मालगायत पार्टीभित्र सुधार मागिरहेको समूहको खासै उपादेयता नरहेको भन्दै उक्त पार्टीभित्र समेत खेल्न खोजेका छन् । र यस ओली रणनीतिको लाभ कांग्रेसभित्रको जब्बर संस्थापनले उठाइरहेको छ ।

कांग्रेसमा केन्द्रीय समिति बोलाउँदै बैठक स्थगित गर्ने क्रम निरन्तर छ । २८ असोजमा आह्वान गरिएको बैठकले कात्तिक १ बाट स्थगित गरी १३ गते एक दिन बसेपछि निरन्तरता पाउन सकेको छैन । गत शुक्रबार र आइतबार बैठक बस्दै नबसी स्थगित गरिएको छ । अर्को बैठक मंगलबार (१८ कात्तिक)का लागि बोलाइएको छ ।

यसबीचमा औपचारिक अनौपचारिक बैठकहरू श्रृखलावद्ध बसिरहेका छन् । नेताहरूले सहमतिको बिन्दु भने पहिल्याउन सकेका छैनन् । केन्द्रीय समिति बैठक सुरु हुनअघि महामन्त्री गगन थापाले कार्यसम्पादन समितिमा राखेको महाधिवेशन कार्यतालिकालाई आधार बनाएर गत बुधबार अर्का महामन्त्री विश्वप्रकाश शर्माले चुनावअघि महाधिवेशन गर्न सकिने चार बुँदे प्रस्ताव अघि सारे ।

महामन्त्री थापाले मंसिर २७ देखि २९ सम्म नियमित महाधिवेशन हुन नसके त्यही अवधिमा विशेष महाधिवेशन गर्न सकिने कार्यतालिकासहित कार्यसम्पादन समितिको बैठकमा पेस गरेका थिए । महामन्त्री शर्माले नियमित महाधिवेशन पुस १६ देखि १९ सम्म गर्न सकिने विकल्पसहित कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग संवाद गरेका थिए ।

महामन्त्री शर्माले अघि सारेका विकल्पमा कुरा गर्न दुई महामन्त्री बिहीबार बिहान विशालनगरस्थित संस्थापन इतरका नेता डा. शेखर कोइरालाको सम्पर्क कार्यालयमा पुगेका थिए । उक्त छलफलमा उपसभापति धनराज गुरुङ, दुई सहमहामन्त्री जीवन परियार र बद्री पाण्डे पनि सहभागी थिए ।

महामन्त्री थापाद्वारा प्रस्तावित कार्यतालिकालाई लम्ब्याएर १६ पुसदेखि १९ सम्म १५औं महाधिवेशन गर्न सकिने बारेमा शेखर कोइरालाको कार्यालयमा छलफल भएको थियो ।

त्यही दिन (१३ कात्तिक) मा महामन्त्री थापाले कार्यतालिका प्रस्तुत गर्ने तयारी गरेका थिए । महाधिवेशन कार्यतालिका प्रस्तुत गर्नका लागि कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग दुई महामन्त्री छलफलमा जुटे । गत बिहीबारको केन्द्रीय समिति बैठक सुरु हुनुअघि केन्द्रीय कार्यालयमा महाधिवेशन केन्द्रित गर्ने विषयमा तीन नेताको छलफल भयो । तर सहमति जुट्न सकेन ।

१५औं महाधिवेशनका लागि कार्यतालिका पेस गर्न सहमति जुट्न नसकेपछि महामन्त्री थापा बिहीबारको केन्द्रीय समिति बैठकमा अनुपस्थित रहे । कार्यवाहक सभापति खड्कासँग दुई महामन्त्रीले सभापति शेरबहादुर देउवाले दिएको जिम्मेवारीअनुरूप महाधिवेशनका लागि वातावरण बनाउन आग्रह गरेका थिए ।

'सभापतिले तपाईंलाई अधिवेशन गराउने जिम्मेवारी दिनुभएको हो। अधिवेशन गर्ने वातावरण बनाउनुस्,' महामन्त्रीद्वयले कार्यवाहक सभापति खड्कासँग भनेका थिए । जवाफमा खड्काले महाधिवेशनकै पक्षमा रहेको उल्लेख गरेका थिए ।

संस्थापन पक्षका कतिपय नेताहरू चुनावअघि महाधिवेशन गर्न सकारात्मक नरहेको, उनीहरूसँग आफूले छलफल गरिरहेको र उनीहरूलाई मनाउने गरी 'तपाईंहरू पनि कुरा गर्नु न' भन्दै दुई महामन्त्रीलाई भनेका थिए ।

केन्द्रीय समिति बैठक स्थगित गरेर कार्यवाहक सभापति खड्का, दुई महामन्त्री थापा र शर्माले शीर्ष तहका नेताहरूसँग छलफल सुरु गरे । शनिबार बिहान ९ बजेदेखि केन्द्रीय कार्यालयमा बसेको कार्यसम्पादन समितिको बैठकले कुनै सहमति पहिल्याउन सकेन ।

आइतबार बिहानदेखि पुन: शीर्ष नेताको बैठक ललितपुरस्थित धोबीघाटमा बस्यो । दुई दिन बसेको बैठकमा आइतबार साँझसम्म सहमति नजुटे पनि संवादहरू सकारात्मक भएको महामन्त्री शर्माले जानकारी गराए । शर्माले संचारकर्मीसँग भने, 'आज सामूहिकभन्दा पनि साइडलाइन छलफल भए । भोलि फेरि बैठक गर्छौं ।' महाधिवेशनको मिति चुनावअघि हुने निश्चित गरेर कार्यतालिकामा सहमति जुट्न सक्ने शर्माको विश्वास छ ।

कांग्रेस नेताहरूका अनुसार कार्यवाहक सभापति खड्का चुनावअघि महाधिवेशन गर्न नहुने पक्षमा देखिएका छैनन् । सभापति शेरबहादुर देउवा पक्षधर नेताहरू भीष्म आङ्देम्बे, रमेश रिजाल, मीन विश्वकर्मा लगायत चुनावअघि गर्ने गरी कार्यतालिका ल्याउनुपर्ने विचारमा असहमत छैनन् ।

आजको बैठकमा प्रवक्ता डा. प्रकाशशरण महतले फागुन र वैशाख अन्तिम गरी दुई वटा कार्यतालिका ल्याउन सकिने प्रस्ताव गरेका थिए । बैठकमा सहभागी एक नेताले दिएको जानकारीअनुसार चुनावअघि महाधिवेशन गर्न नहुने पक्षमा मूलत: पूर्वपदाधिकारीको एउटा समूह छ । पूर्वपदाधिकारी गोपालमान श्रेष्ठ भने उपचारका क्रममा हाल भारतमा छन् ।

सभापति शेरबहादुर देउवालाई विगतमा साथ दिँदै आएका र विगतमा पटकपटक संवादमा जुटेका नेताहरूको समूह महाधिवेशनको पक्षमा नरहेको बैठकमा सहभागी नेताले बताए । उनी भन्छन्, 'कार्यवाहक सभापति र देउवा पक्षकै धेरै नेताहरू नियमित महाधिवेशनको पक्षमा बोलेका छन् । पूर्वपदाधिकारीको भन्दै एउटा समूह बनाउनेहरू चुनावअघि महाधिवेशनको पक्षमा खुलेका छैनन् ।'

चुनावअघि महाधिवेशनको विपक्षमा पूर्वपदाधिकारीको समूह देखिनुमा चुनावमा बाँडिने टिकटसँग जोडेर पार्टीभित्र चर्चा सुरु भएको छ । तीन तहका निर्वाचनमा टिकट वितरण गर्ने अधिकार स्पष्ट विधानले किटान गरेको छ । तर विधान कार्यान्वयन नहुने र टिकट वितरणमा केन्द्रीय नेताहरू हाबी हुने प्रचलन कांग्रेसमा हुँदै आएको छ ।

कदाचित् चुनावअघि महाधिवेशन भयो भने र टिकट वितरण गर्ने संयन्त्रमा नपरिने चिन्ताले नेताहरूले महाधिवेशन रोक्न खोजेको संसय पार्टीभित्र छ । पार्टी विधानअनुसार केन्द्रीय संसदीय समिति (बोलीचालीमा संसदीय बोर्ड भनिने प्रचलन छ)लाई प्रतिनिधिसभाको प्रत्यक्ष र समानुपातिक उम्मेदवार छनोट गर्ने प्रावधान छ । केन्द्रीय संसदीय समितिमा पदाधिकारी पदेन सदस्य हुनेछन् । उक्त समितिमा सभापतिले समावेशिताका आधारमा केन्द्रीय सदस्यबाट ११ जना थप्न सक्ने व्यवस्था छ ।

हालको विधानअनुसार १४ जना पदाधिकारी रहने व्यवस्था छ । पदाधिकारीमा थप ११ जना केन्द्रीय सदस्य थपिएर टिकट वितरण गर्ने पार्टी संरचना गठन हुने व्यवस्था छ । संघको उम्मेदवारको टिकट वितरण गर्ने विद्यमान व्यवस्था आगामी निर्वाचनमा पनि कायम रहेको अवस्थामा उम्मेदवार छनोट गर्ने संरचनामा आफ्नो स्थान नहुने भयले महाधिवेशन विरुद्धमा पूर्वपदाधिकारीको एक टोली देखिएको संस्थापन इतरका एक नेताले आरोप लगाए ।

उनी भन्छन्, 'भोलि टिकट वितरण गर्दा आफ्ना मान्छे उम्मेदवार बनाउन पाइएला भन्ने उनीहरूलाई होला । संसदीय बोर्डमा नपर्ने चिन्ताले महाधिवेशनको विरुद्धमा देखिनेहरू छन् । महाधिवेशन भए पार्टी फुट्ने भनेर हल्ला फैलाएर मनोवैज्ञानिक त्रास देखाइरहेका छन् ।'

मंसिरभित्र नियमित महाधिवेशन नभए विशेष महाधिवेशनका गर्नुपर्ने दबाब हस्ताक्षर गर्ने प्रतिनिधिहरूले बढाइरहेका छन् । विशेष महाधिवेशनका लागि हस्ताक्षर संकलनका लागि अगुवाइ गर्ने ७ नेताहरूको टोलीले शनिबार कार्यवाहक सभापति खड्कालाई भेटेको थियो । उक्त टोलीमा रहेका नेता मनोजमणि आचार्यले कार्यवाहक सभापति खड्काले विधानअनुसार आफूले काम गर्ने जानकारी गराएको बताए ।

१४औं महाधिवेशनका करिब ५४ प्रतिशत प्रतिनिधिले विशेष महाधिवेशनको माग गरेका छन् । नियमित महाधिवेशन हुन नसके विशेषमा जान उनीहरूको जोड छ । देउवा नेतृत्वको कार्यसमिति अवधि थप्ने पक्षमा नरहेका महामन्त्री थापा नियमित हुन नसके प्रतिनिधिहरूको हस्ताक्षरको आधारमा विशेष महाधिवेशन हुने दाबी गर्छन् ।

'यत्रो ठूलो जेनजी मुभमेन्ट भयो । यसलाई मान्ने कि नमान्ने ? मुभमेन्ट भएको मानेपछि नागरिकसँग टुटेको सम्बन्ध जोड्न पर्दैन ?,' चुनावअघि महाधिवेशनको विपक्षमा रहेका नेतालाई महामन्त्री थापा भन्छन्, 'कांग्रेसप्रति जनताको भरोसा जगाउन नयाँ नेतृत्वसहित चुनावमा जानुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# विदेशिएका नेपालीलाई मतदान अधिकार प्रदान गर्ने विषयमा छलफल



साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ विदेशमा रहेका नेपाली नागरिकलाई मतदान अधिकार प्रदान गर्ने विषयमा गृहमन्त्रालयमा छलफल भएको छ ।

आइतबार गृहमन्त्रालय र नेपाल नीति अध्ययन प्रतिष्ठान बैठकमा विदेशमा रहेका नेपाली नागरिकलाई मतदान अधिकार प्रदान गर्ने विषयमा छलफल भएको हो । गृहमन्त्रालयका तर्फबाट ओमप्रकाश अर्याल, गृहसचिव रामेश्वर दंगाल, मन्त्रालयअन्तर्गतको कानून महाशाखाका सहसचिव र प्रतिष्ठानका तर्फबाट कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा, डा. दीपक खड्का सहितको टोली सहभागी बैठकमा विदेशबाट मतदानको सम्भावना, मतदाता नामावली, मतदानको प्रक्रिया र यसलाई सम्भव पार्नका लागि आवश्यक संयन्त्र, कानून र अन्य आवश्यकताबारे छलफल भएको हो ।

विदेशमा रहेका नागरिकको मतदानका विषयमा विद्यमान कानुनी अवस्था, अन्य मूलुकको कार्यान्वयन अनुभव र चुनौतीबारे प्रारम्भिक छलफलका लागि प्रतिष्ठानलाई आमन्त्रण गरिएको थियो । बैठकमा आउट अफ कन्ट्री भोटिङका विषयमा नीति प्रतिष्ठानले अघि बढाएको अनुसन्धानको कार्यप्रगति र प्रयोग हुन सक्ने विधि प्रस्तुत गरिएको थियो । विदेशमा हुने मतदान प्रक्रिया, हुनसक्ने सुरक्षा चुनौती, आवश्यक जनशक्ति र यसका कार्यान्वयनका लागि निर्माण हुनुपर्ने राजनीतिक वातावरण आदि विषयमा चर्चा भएको थियो ।

# 'पीआर'को 'टाटा बाइ बाइ' गीतमा छमछमी नाचे नीर शाह र गौरी मल्ल



काठमाडौं/आगामी मंसिर २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'पीआर'मा समावेश गीत 'टाटा बाइ बाइ' सार्वजनिक गरिएको छ । टेक बी.सी. र प्रीती घिमिरेको युगल गायन रहेको यस गीतमा भिम बी.सी.को शब्द तथा संगीत छ । गीतले वर्तमान समयमा हुने छोटो प्रेम सम्बन्धप्रति व्यंग्य गर्दै उमेर ढल्किएका जोडीले एकअर्काप्रति गरेको कटाक्षलाई प्रस्तुत गरेको छ ।

रामजी लामिछानेको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी नीर शाह र गौरी मल्ल छमछमी नाच्दै देखिएका छन् । विवाहको परिवेशमा तयार पारिएको भिडियोमा दिक्पाल कार्की र विनिता कार्कीलाई बेहुला-बेहुलीको रूपमा प्रस्तुत गरिएको छ । भिडियोमा रविन्द्र खड्का, उत्तम केसी लगायतका कलाकारलाई पनि देख्न सकिन्छ ।

शोभित बस्नेतको निर्देशनमा बनेको यो फिल्ममा नीर शाह र गौरी मल्लसहित आर.ए. सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी, विमला खत्री, म्याक्स गणेश बुढाथोकी, कृष्ण थापा लगायतको अभिनय रहेको छ । अष्ट्रेलियन पीआरका लागि नेपाली विद्यार्थीहरूले गर्ने संघर्षको कथामा फिल्म आधारित छ ।

अष्ट्रेलिया निवासी रञ्जित साह र सन्तोष तिवारी प्रस्तुतकर्ता रहेको फिल्ममा लक्ष्मण सापकोटा र प्रदीप दाहाल निर्मातामा छन् । यसमा निर्देशक बस्नेत स्वयंको कथा छ भने पटकथा र संवाद गणेश बुढाथोकीले तयार पारेका हुन् । फिल्ममा सौरभ सायमी (अष्ट्रेलिया) र सौरभ लामा (नेपाल)को छायांकन, बन्दे प्रसादको सम्पादन तथा मानस राज र भीम बीसीको संगीत रहेको छ ।

# 'धागो'को ट्रेलरमा सन्तानको सपना र आर्थिक चुनौतीको कथा



काठमाडौं/कात्तिक २८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'धागो'को ट्रेलर सार्वजनिक गरिएको छ । तीन मिनेट लामो ट्रेलरले आर्थिक अभावले सिर्जना गर्ने चुनौती र त्यससँग जुध्न गरिएको संघर्षलाई केन्द्रमा राख्दै हाँसो, खुसी र पीडाको मिश्रण प्रस्तुत गरेको छ । यसमा परिवार भित्रको भावनात्मक सम्बन्ध र सामाजिक संघर्षको पनि मार्मिक चित्रण छ ।

फिल्ममा सुरक्षा पन्त र प्रभात थापा श्रीमान्-श्रीमतीको भूमिकामा छन्, जो आफ्नो सन्तानको सपना र इच्छा पूरा गर्न प्रयासरत छन् । तर, आर्थिक कठिनाइका कारण परिवारमा विग्रह र चुनौतीहरू निम्तिन्छ, जसले कथालाई अझ संवेदनशील बनाएको छ । फिल्मले दर्शकलाई कथाको गहिरो संसारमा पुर्‍याउँदै भावनात्मक यात्रामा लैजाने संकेत ट्रेलरले दिएको छ ।

नेपाल र भारतमा एकसाथ प्रदर्शन हुन लागेको यो फिल्मका निर्देशन उदिप राणा थापाले गरेका हुन् । उनको यो डेब्यू निर्देशकीय फिल्म हो । उमा थापा, उत्तम थापा र उदिप थापा फिल्मको निर्मातामा छन् । फिल्मले नेपाल-भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपालीको जीवन र सांस्कृतिक सम्बन्धलाई कथाको केन्द्रमा राखेको जनाइएको छ ।

बलिउडका अनिकेर एम. घोघको छायांकन, अखिलेश रायको सम्पादन तथा पुष्पन प्रधानको संगीत रहेको फिल्ममा सुरक्षा र प्रभातसँगै सुरभि थापा, बुद्धि तामाङ, सुनिल थापा, रबिन सान्संकर, दीप छेत्री, प्रज्ञा थापा, बाबु प्रधान, सेवन विश्वकर्मा, राजीव भुसाल, आइशा तामाङ लगायतको अभिनय देख्न सकिनेछ । फिल्मको एक गीतमा अभिनेत्री वर्षा राउतले नृत्य गरेकी छन् ।

# भारतले पहिलो पटक जित्यो महिला विश्वकपको उपाधि




काठमाडौं/भारतीय महिला क्रिकेट टोलीले पहिलो पटक महिला विश्वकपको उपाधि जितेको छ । आइतबार भएको फाइनल खेलमा दक्षिण अफ्रिकालाई ५२ रनले हराउँदै नयाँ च्याम्पियन बनेको हो ।

डीवाई पाटिल स्पोर्ट्स एकेडेमीमा भारतले दिएको २९९ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले ४५ ओभर ३ बलमा सम्पूर्ण विकेट गुमाउँदै २४६ रन बनायो ।

दक्षिण अफ्रिकाका लागि ओपनर लौरा मोल्भालकरले १०१ रनको शतकीय पारी खेलिन् । ९८ बल खेलेकी उनले ११ चौका र १ छक्का प्रहार गरिन् । त्यस्तै अनरी देर्कासेनले ३५ रन बनाउँदा सुने लसले २५ रनको योगदान गरिन् ।

भारतका लागि दिप्ती शर्माले सर्वाधिक पाँच विकेट लिइन् । त्यस्तै सफाली वर्माले दुई विकेट लिँदा श्री चार्नीले एक विकेट लिइन् । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २९८ रन बनाएको थियो । भारतका लागि शफाली वर्माले सर्वाधिक ८७ रनको अर्धशतक प्रहार गरिन् । उनले ७८ बलमा ७ चौका र २ छक्का प्रहार गरिन् । त्यस्तै दीप्ती शर्माले ५८ रनको अर्धशतकीय पारी खेल्दा स्मृती मन्दनाले ४५ तथा रिचा गोसले ३४ रनको योगदान गरिन् ।

दक्षिण अफ्रिकाका लागि बलिङतर्फ याबोन्गाले सर्वाधिक तीन विकेट लिइन् । त्यस्तै नोनकुलुलेको मल्बा, नाडिने डे लेर्क र चालोइ ट्राइओनले एक-एक विकेट लिए ।

*(स्रोत: अनलाइनखबर)*

# समाजलाई मेरो उत्तर हो 'मन बिनाको धन': टंक बुढाथोकी

काठमाडौं/संगीतकारको रूपमा परिचित टंक बुढाथोकीले गायक अशोक दर्जीको अभिभावकत्व लिएपछि विभिन्न आरोपको सामना गर्नुपर्‍यो । अशोकको लोकप्रियताको आडमा आफू चर्चामा आउन खोजेको, अशोकलाई आफ्नो नियन्त्रणमा राखेको जस्ता आक्षेप अझै पनि उनीमाथि लागिरहेको छ । अब यी आरोपको एकमुष्ठ जवाफ उनले फिल्ममार्फत दिँदैछन् । त्यो फिल्म हो, 'मन बिनाको धन' ।

यही शुक्रबार (२१ कात्तिक) देखि प्रदर्शन हुन लागेको यो फिल्मलाई टंक स्वयंले निर्देशन गरेका हुन् भने अशोक मुख्य भूमिकामा छन् । अशोकको संघर्षदेखि सफलतासम्मको कथामा टंकले फिल्म बनाएका हुन् । उनी आफूमाथि लागेका आरोपको उत्तर दिने उद्देश्यले फिल्म बनाएको बताउँछन् । अशोकका लागि आफूले गरेको संघर्ष र भोगाइलाई फिल्ममा देखाइएको उनको भनाइ छ ।

उनी भन्छन्, 'मैले समाजलाई धेरै कुराको उत्तर दिनुपर्ने थियो । फिल्ममार्फत सबै उत्तर दिएको छु । ट्रेलरको अन्तिममा मेरो जुन संवाद छ, त्यही नै हो फिल्म । त्यही नै हो मैले दिन खोजेको उत्तर । फिल्मभित्र अझै धेरै उत्तर छन् । यो फिल्म बनाउनुको मुख्य उद्देश्य भनेकै अशोकका लागि म गलत थिइनँ र छैन भन्ने हो । मैले भोगेका कुरा मैले नै देखाउनुपर्छ भनेर यो फिल्म बनाएको हुँ ।'

फिल्मको ट्रेलरमा टंकले अशोकको सफलताको कथा बढी देखाएका छन् । जसले गर्दा उनले अशोकको संघर्षलाई लुकाउन खोजेको टिप्पणी भइरहेको छ । यसबारेमा उनले स्पष्ट पार्दै भने, 'हामीले सुरूमा ट्रेलरमा अशोकको संघर्षका दृश्य धेरै राखेका थियौं । तर, अहिले नै सबै देखाइदिँदा हलमा हेर्ने धेरै कुरा रहँदैन भनेर ट्रेलरमा राखेनौं । फिल्ममा भने अशोकका सबै कुरा छन् ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सहमतिपछि आन्दोलनरत निजी अस्पतालका नर्सहरु काममा फर्किए

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ उचित तलब सुविधाको माग गर्दै आन्दोलनरत निजीक्षेत्रबाट सञ्चालित अस्पतालका नर्सहरु सरकारसँगको सहमतिपछि काममा फर्किएका छन् ।



निजी मेडिकल कलेजहरु र ठूला निजी अस्पतालबाट कात्तिक महिनादेखि नै पूर्णरुपमा सरकारी पाँचौं तहसरह (मासिक ३४ हजार ७३० रुपैयाँ) तलब दिलाउने सहमति भएपछि उनीहरु काममा फर्किएका हुन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रकाश बुढाथोकीले नर्सहरु र निजी मेडिकल कलेज तथा अस्पतालसँग २३ बुँदे सहमति भएको बताएका छन् । प्रवक्ता बुढाथोकीले बाँकी ठूलासाना अस्पताललाई वर्गीकरण गरेर ठूलालाई तत्कालै र मध्यमलाई केही हप्ता वा केही महिनाको समय दिएर सरकारी तहको सेवासुविधा दिने सहमति भएको बताए । एक महिनाभित्र अस्पतालको वर्गीकरण गर्दै क्रमश: सरकारी सरह पुऱ्याउने सहमति भएको उनको भनाइ छ ।

उनले कुनैपनि अस्पताल वा मेडिकल कलेजमा कार्यरत नर्सहरुले खाईपाई आएको तलब पाँचौं तहभन्दा बढी भएपनि नघटाउने सहमति भएको बताए । सचिव बुढाथोकीको अनुसार नर्सहरुको माग सम्बोधनका लागि तत्कालीन सरकारले गठन गरेको अध्ययन कार्यदलको समयावधि एक महिना थपिएको छ । उनले थपिएको अवधिमा कार्यदलले निजी क्षेत्रबाट सञ्चालित सबै अस्पतालको वर्गिकरण गर्ने बताए । ‘चारवटा खण्डमा २३ बुँदे सहमति भएको छ । त्यसमा निजी अस्पताल र मेडिकल कलेजमा कार्यरत नर्सहरुले पनि पाँचौं तहसरहको तबल पाउनुपर्छ भन्ने जुन उहाँहरुको माग थियो त्यसमा मेडिकल कलेजमा कार्यरत नर्सलाई कात्तिक महिनादेखि नै ३४ हजार ७ सय रुपैयाँ पारिश्रमिक दिने, बाँकी ठुला र साना अस्पताललाई वर्गीकरण गरेर ठूलालाई तत्कालै, मध्यमलाई केही हप्ता वा केही महिना र साना अस्पताललाई पनि केही महिनाको समय दिएर सरकारी तहको सेवासुविधा दिने सहमति भएको छ’ सचिव बुढाथोकीले बताए ।

उनले नर्सहरुलाई सरकारी पाँचौं तहसरहको तलब सुविधा दिन सरकारले दिएको निर्देशन कार्यान्वयन नभएपछि सरकारले सहमतिका लागि हस्तक्षेपकारी भूमिका खेल्नुपरेको बताए । सरकारले विगतमा भएको निर्णय कार्यान्वयन गर्न तथा नर्स र अस्पतालको सम्मानजनक अवस्था सिर्जना गर्न हस्तक्षेप गर्नुपरेको प्रवक्ता बुढाथोकीको भनाइ छ । स्वास्थ्य कर्मचारी, निजी मेडिकल कलेज र सरकारबीच भएको त्रिपक्षीय सहमति कार्यान्वयको अवस्थाबारे अध्ययन गर्न सातवटै प्रदेशमा अनुगमन तथा निरीक्षण टोली गठन गरिएको पनि बताए ।


उनका अनुसार नर्सिङ एसोसिएसनका प्रतिनिधि, आन्दोलनरत नर्सका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रलयका प्रतिनिधि अनुगमन समितिमा राखिएका छन् । अनुगमन समितिले त्रिपक्षीय सहमति कार्यान्वयन भए/नभएको अनुगमन गरे संघलाई पत्रचार गर्ने बताए । उनले सहमति कार्यान्वयन नगर्ने निजी अस्पताल तथा मेडिकल कलेजलाई कारबाही गर्न सरकार प्रतिवद्ध रहेको बताए । यता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नर्सिङ संघ र निजी अस्पताल संचालकबीच शनिबार भएको भनिएको सहमति आन्दोलनरत नर्सहरुले अस्वीकार गरेका छन् ।

नर्सहरुका तर्फबाट वार्तामा गएका नर्स तथा स्वास्थ्यकर्मी संघर्ष समितिकी संयोजक ज्योति रानाभाटले सहमतिपत्रमा हस्ताक्षर गरेकी छैनन् भने आन्दोलनलाई निरन्तरता दिने बताएकी छिन् । नेपाल नर्सिङ संघले नर्सहरुको आन्दोलन र भावना विपरीत सहमति गरेको भन्दै आइतबार नर्सिङ संघको कार्यालयमा जबाफ माग गरेको बताइन् । ‘हाम्रो आन्दोलनको स्पिरिट विपरीत नर्सिङ संघले सहमति गरेपछि हामी जबाफ माग्न आएका छौं,’ उनले भनिन्, ‘यो सहमति नर्स आन्दोलनको भावना विपरीत छ ।’

स्वास्थ्य तथा जनसंख्या मन्त्री डा. सुधा शर्मा, मन्त्रालयका सचिव डा. विकास देवकोटा, सरकारले गठन गरेको कार्यदलका संयोजक डा. श्रीकृष्ण श्रेष्ठ, नेपाल नर्सिङ संघका अध्यक्ष चन्द्रकला शर्मा र निजी मेडिकल कलेज तथा अस्पताल संचालकबीच भएको वार्ताबाट सहमति भएपनि आन्दोलनरत नर्सहरुले कार्यदलले बनाएको प्रतिवेदनमै असहमति जनाएका थिए । नर्स तथा स्वास्थ्यकर्मी संघर्ष समितिकी संयोजक रानाभाटले नेपाल सरकारले २०८१ मंसिर २७ गते निजी मेडिकल कलेज तथा अस्पतालले गरेको पत्राचार र गत असोज २४ गते पठाएको पत्रअनुसार नर्सहरुले तलबलगायत सुविधा पाउनुपर्ने बताइन् ।

स्वास्थ्य मन्त्रालय, नर्सिङ संघ र मेडिकल व्यवसायीले शनिबार सहमति भएको जनाए पनि आइतबार पनि पोखराका अस्पतालका नर्सहरुले आन्दोलन जारी राखेका छन् । उनीहरुले पोखराको पृथ्वीचोकमा प्रदर्शन गरेर नर्सिङ संघको कार्यालय घेराउ गरेका थिए । आन्दोलनरत नर्सहरुले सरकारले जारी गरेको परिपत्र पूर्णरुपमा लागू हुनुपर्ने माग राखेका छन् । अस्पतालले गरिरहेको श्रम शोषणको अन्त्य गर्ने र सम्पूर्ण स्वास्थ्यकर्मीले सरकारी सरह न्यूनतम तलब पाउनुपर्ने मागबाट पछि नहट्ने संघर्ष समितिकी संयोजक रानाभाटले बताइन् । ‘हाम्रो आन्दोलन अझ सशक्त हुन्छ । नर्सिङ संघले गरेको भनिएको सहमतिमा हाम्रो सहमति छैन,’ उनले भनिन्, ‘हाम्रो न्याय र आत्मसम्मानको लडाई नसिकँदासम्म आन्दोलन रोकिँदैन ।’

# सार्वजनिक संस्थानको सेवाप्रवाह प्रविधिमा अधारित बनाइने




साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ सरकारले सार्वजनिक संस्थानको सेवा प्रवाहलाई प्रविधिमा अधारित बनाउने भएको छ ।

अर्थ मन्त्रालयले सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति ल्याउँदै सार्वजनिक संस्थानको सेवाप्रवाहलाई प्रविधिमा अधारित बनाउने योजना अघि सारेको हो ।

नीतिअनुसार हरेक सार्वजनिक संस्थानद्वारा उपलब्ध हुने वस्तु तथा सेवाको विस्तृत जानकारी विद्युतीय माध्यमबाट सार्वजनिकरुपमा उपलब्ध गराउने व्यवस्था गर्ने, संस्थानको आर्थिक कारोवारलाई पूर्णत: विद्युतीय बनाइने, संस्थानको डिजिटल प्रणालीको नियमित परीक्षण गर्ने र सुधार गर्ने व्यवस्था अनिवार्य गरिनेछ । विद्युतीय मध्यमबाट हुने बैंकिङ तथा वित्तीय कारोवारलाई सुरक्षित बनाउने, सार्वजनिक संस्थानमा नेपाल सरकारको शेयर स्वामित्वलाई सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको नाममा अभौतिकीकरण गर्ने नीति अख्तियारी गरिएको छ ।

सार्वजनिक संस्थानबाट विक्री गरिने वस्तु तथा सेवाको लागत तथा गुणस्तरलाई लागतप्रभावी तथा मूल्य प्रतिष्पर्धी बनाउने, सेवाप्रवाहलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार तेस्रो पक्षलाई संलग्न गराइने, वस्तु वा सेवा प्रवाहको क्रममा ग्राहकको गुनासो भएमा त्यस्तो गुनासोउपर सम्बन्धित निर्णय गर्ने अधिकारीले निर्णयको आधार र कारण सहित ७ दिन भित्र जवाफ दिनुपर्ने नीति अख्तियारी गरिएको छ । वस्तु तथा सेवाप्रवाहमा क्षतिपूर्तिको व्यवस्था क्रमश: कार्यन्वयनमा ल्याइने सार्वजनिक संस्थानको संस्थागत सामाजिक उत्तर दायित्व कार्यक्रमलाई व्यवस्थित र पारदर्शी बनाइने नीति लिइएको छ ।

संस्थानसम्बन्धी अर्थ मन्त्रालयले जारी गरेको नयाँ नीतिमा सार्वजनिक संस्थानको आवधिक लक्ष्य निर्धारण गरी कार्यसम्पादनका आधारमा मूल्यांकन गर्ने प्रणालीको विकास गर्ने, सार्वजनिक संस्थानको सञ्चालक समितिलाई संस्थानको कार्यसम्पादनको नियमित अनुगमन तथा निगरानी गर्न सक्षम बनाई सोको वातावरण तयार गर्ने, सञ्चालक समितिको निर्णयको कार्यान्वयनको नियमित अनुगमन गरी नतिजा प्राप्त गर्न सघाउ पुऱ्याउने संयन्त्र तयार गर्ने, सार्वजनिक संस्थानको आन्तरिक नियन्त्रण प्रणालीको नेपाल सरकारले नियमित मूल्यांकन गर्ने व्यवस्था मिलाइने उल्लेख छ ।

सार्वजनिक संस्थानको नियमित अनुगमन तथा मूल्यांकनका लागि आवश्यक पर्ने तथ्यांक एकीकृतरुपमा ‘सार्वजनिक संस्थान व्यवस्थापन सूचना प्रणाली’ मार्फत प्राप्त हुने व्यवस्था गरिने र यो प्रणालीमा विषयगत मन्त्रालय र नियामक निकायको पहुँच सुनिश्चित गरिने उल्लेख छ । सार्वजनिक संस्थान व्यवस्थापन सूचना प्रणालीमा संस्थानसम्बन्धी सूचना, तथ्यांक तथा जानकारीको नियमित प्रविष्टि गर्ने व्यवस्था मिलाउने नीति सरकारले लिएको छ । हाल नेपालमा ४३ संस्थान सञ्चालनमा छन् ।

तीमध्ये २८ नाफामा र १५ वटा घाटामा रहेका छन् । संस्थानमा भएको सरकारी लगानीको तुलनामा प्रतिफल भने न्युन छ । आ.व. २०८०/८१ को विवरण अनुसार संस्थानहरुको समग्र नाफा अघिल्लो वर्षको तुलनामा १२.८८ प्रतिशतले घटेको छ भने खुद नोक्सानी ८.६५ प्रतिशतले घटेको छ । संस्थानको खुम्चिँदो वित्तीय स्थिति सुधारका लागि पनि सार्वजनिक संस्थान व्यवस्थापन तथा सुशासन नीति २०८२ ले नयाँ नीतिहरु अख्तियारी गरेको छ ।

यस प्रणालीमा सार्वजनिक संस्थानले अवलम्बन गर्ने आर्थिक कार्यविधि, संस्थानका कर्मचारीको सेवा शर्त तथा सुविधासम्बन्धी विषय, कर्मचारी, कार्यकारी प्रमुख र सञ्चालकको काम, कर्तव्य र अधिकार, जोखिम न्युनीकरण र सम्बोधनको रणनीति, सदाचारिता प्रवर्द्धन गर्ने कार्यविधि, आन्तरिक र अन्तिम लेखापरीक्षण तथा लेखा परीक्षणले औँल्याएका विषयको सम्वोधन गर्ने विधि र संस्थानको नाममा रहेका चलअचल सम्पत्तीको उचित संरक्षण गर्ने व्यवस्था गरिनेछ ।

# जेसीीज सप्ताहमा रक्तदानदेखि खाद्यान्न वितरणसम्मका कार्यक्रम तय

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ विगत वर्षको झैं यसवर्ष पनि हेटौंडा जेसीजले जेसीज सप्ताहको अवसरमा विविध कार्यक्रम सञ्चालन गर्ने भएको छ ।




मंगलबारदेखि सुरुहुने वर्ष २०२५ को जेसीज सप्ताहमा रक्तदानदेखि खाद्यान्न वितरणसम्मका कार्यक्रम तय गरिएको छ । आइतबार आयोजित पत्रकार सम्मेलनमा हेटौंडा जेसीजका अध्यक्ष पंकजदास बानियाँले कात्तिक १८ गतेदेखि २२ गतेसम्म आयोजना हुने विभिन्न कार्यक्रमका बारेमा जानकारी दिएका छन् । सप्ताहको पहिलो दिन, कात्तिक १८ गते बिहान ७ बजे हुप्रचौरमा रक्तदान कार्यक्रम आयोजना गरिनेछ ।

सोहीदिन बिहान ८:३० बजे स्लो बाइक प्रतियोगिता पनि आयोजना हुने अध्यक्ष दासले जानकारी दिए । कात्तिक १९ गते बिहान ७ बजे अन्तरजेसीज वक्तृत्वकला प्रतियोगिता हुनेछ भने दिउँसो दुईबजे भूटनदेवी माध्यमिक विद्यालयमा साइबर सचेतना कार्यक्रम सञ्चालन गरिने बताइएको छ । त्यस्तै, कात्तिक २० गते विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता जेसीज सचिवालयमा आयोजना हुनेछ । जसमा कक्षा १० सम्मका विद्यार्थीले सहभागिता जनाउनेछन् ।

कात्तिक २१ गते मकवानपुरगढी-६, गुरदाङमा अतिविपन्न एक परिवारलाई खाद्यान्न र लत्ताकपडा वितरण गर्ने कार्यक्रम तय गरिएको छ । सप्ताहको अन्तिम दिन, कात्तिक २२ गते समापन कार्यक्रम आयोजना हुनेछ । सो अवसरमा उत्कृष्ट सदस्य तथा उत्कृष्ट कार्यक्रम संयोजकलाई अवार्ड वितरण गरिने बताइएको छ ।

# पेट्रोल चोरीको आरोपमा चारजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ नेपाल आयल निगम थानकोट डिपोका लागि बारोको अमलेखगंजबाट लोर्ड भएको पेट्रोलियमपदार्थ अवैधरुपमा बिक्री गरेको आरोपमा चारजना पक्राउ परेका छन् ।

मनहरी गाउँपालिका-८ स्थित जय शिवशरणम् फ्यूल सेटर प्रालिमा अवैधरुपमा पेट्रोल झिक्दै गरेको अवस्थामा उनीहरुलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीका अनुसार आइतबार साँझ अम्लेखगंजबाट थानकोटतर्फ जाँदै गरेको ना.४.ख ९३७७ नम्बरको ट्यांकरबाट पेट्रोल पम्पमा अवैध रुपमा पेट्रोल निकाल्ने कार्य भइरहेको भेटिएको थियो ।

घटनास्थलमा खटिएको प्रहरी टोलीले ट्यांकर चालकसहित पेट्रोल पम्पमा काम गर्ने तीनजनालाई पक्राउ गरी थप अनुसन्धान थालेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीका अनुसार भोलि सोमबार अदालतमा उपस्थिति गराएपछि मात्रै चार जनाको नाम सार्वजनिक गरिनेछ । प्रहरीले पक्राउ परेकाहरुमाथि पेट्रोलियमपदार्थको अवैध कारोबारसम्बन्धी कानूनी प्रक्रिया अघि बढाइने जनाएको छ ।

# हेटौंडा इजलास पूर्ण सञ्चालनमा



साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ जेनजी आन्दोलनको क्रममा भएको आगजनी र तोडफोडबाट क्षति पुगेको उच्चअदालत पाटनको हेटौंडा इजलास आइतबारदेखि पूर्णरुपमा सचालनमा आएको छ ।

आगजनी र तोडफोडका कारण भदौ २८ गतेसम्म अदालतले कुनैपनि सेवा दिन सकेको थिएन । भदौ २९ बाट बन्दीप्रत्यक्षीकरण, पक्राउ पुर्जीको अनुमतिलगायत आंशिक सेवा सुरु गरेको थियो । असोज १६ बाट पुनरावेदन र रिट दर्तालगायतका काम पनि सुरु गरेको थियो । आइतबारदेखि मुद्दा र रिट निवेदनको सुनुवाई सुरु गरिएको हेटौंडा इजलासका उपरजिष्ट्रार बद्रीप्रसाद लामिछानेले बताए । आगजनीबाट हेटौंडा इजलासको मुख्य भवनको तल्लो तलामा पूर्णक्षति भएको छ । चारवटा इजलास रहेको यो अदालतको एक नम्बर इजलास जलेर नष्ट भएको छ । आगजनीबाट भवनको तल्लो तलामा रहेका सबै कोठाका फर्निचर, कम्प्युटर, ल्यापट लगायत सामान नष्ट भएका थिए ।

अदालत परिसरमा रहेका २ वटा सवारीसाधन र भवनको दोस्रो तलामा रहेको एक नम्बर इजलासमा रहेका फर्निचरलगायत सबै सामान जलाइदिएको हेटौंडा इजलासका उपरजिष्ट्रार लामिछानेले जानकारी दिए । उनका अनुसार अदालतमा रहेका मिसिलहरु भने सबै सुरक्षित छन् । आगजनी र तोडफोडबाट अदालतको ३ करोड ५३ लाख १८ हजार ४ सय ४९ रुपैयाँ बराबरको क्षति भएको जनाएको छ । ७ न्यायाधीशको दर बन्दी रहेको हेटौंडा इजलासमा ६ जना कार्यरत छन् ।

यहाँ सबै ६ जना महिला न्यायाधीशसहित रजिष्ट्रार पनि महिला छन् । एक नम्बरको इजलास जलेर नष्ट भएका कारण अदालतमा अब तीनवटा मात्र इजलास संचालन हुने उपरजिष्ट्रार लामिछानेले बताए । मकवानपुर र चितवन गरी दुई जिल्ला कार्यक्षेत्र रहेको हेटौंडा इजलासमा अहिले ८ सय ८१ थान मुद्दा चालु अवस्थामा छन् । अहिले अदालतले आफ्नै भवनबाट कार्यसम्पादन गर्दै आएको छ ।

# अनलाइन सञ्चारमाध्यमको सूचीकरण प्रेस काउन्सिलबाट नहुने

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ प्रेस काउन्सिल नेपालले अबदेखि अनलाइन सञ्चारमाध्यमको सूचीकरण र अभिलेखीकरण नगर्ने भएको छ । काउन्सिलले आइतबार एक सूचना जारी गर्दै कानुनी व्यवस्थाअनुसार यो कार्य आफूबाट नहुने स्पष्ट पारेको हो ।




काउन्सिलका अनुसार अनलाइन सञ्चारमाध्यमलाई व्यवस्थित गर्ने उद्देश्यका साथ २०७० साउन १६ गते सार्वजनिक सूचना जारी गरी सूचीकरणको प्रक्रिया सुरु गरिएको थियो । त्यसपछि नेपाल सरकारले २०७३ चैत ७ गतेदेखि लागू हुने गरी ‘अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३’ जारी गरेको थियो, जसअनुसार प्रेस काउन्सिलले अनलाइन सञ्चार माध्यमको अभिलेख राख्दै आएको थियो ।

निर्देशिकाअनुसार काउन्सिलले मापदण्ड बनाइ ३,००० शुल्क लिई अभिलेख, सूचीकरण र अभिमुखीकरण गर्दै आएको थियो । तर, हालै जारी ‘केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२’ र सोअनुसार प्रकाशित ‘छापाखाना तथा प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२’ कार्यान्वयनमा आएपछि अब अनलाइन सञ्चारमाध्यमको अभिलेख तथा सूचीकरण प्रेस काउन्सिलको अधिकारक्षेत्रभित्र नरहेको काउन्सिलले जनाएको छ ।

प्रेस काउन्सिलका सहप्रशासकीय अधिकृत तथा सहप्रवक्ता रामशरण बोहराद्वारा हस्ताक्षरित सूचनामा भनिएको छ, ‘उल्लिखित ऐन तथा नियमावलीमा अनलाइन सञ्चारमाध्यमको अभिलेख तथा सूचीकरण प्रेस काउन्सिलले गर्ने गरी कानुनी व्यवस्था नभएको हुँदा उक्त कार्य प्रेस काउन्सिलबाट नहुने बेहोरा सम्बद्ध सबैमा जानकारीका लागि प्रकाशित गरिएको हो ।’

# सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नरको रिक्त पदलाई लिएर विवाद



साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नरको रित्त पदलाई लिएर लायन्स इन्टरनेसनल नेपाल शाखा, डिस्ट्रिक्ट ३२५ एस, आन्तरिक विवादमा परेको छ ।

भदौ १५ गते निर्वाचित भएका जेपी यादवले आइतबार पत्रकार सम्मेलन गर्दै आधिकारिक रुपमा आफू नै सेकेन्ड भाइस गभर्नर भएको दाबी गरेका छन् । सुदर्शन अधिकारीको निधनपछि रिक्त भएको पदमा गत आफू विधि र प्रक्रिया अनुसार निर्वाचित भएको उनको दाबी छ । निर्वाचित भएको प्रमाणपत्र पाइसकेको अवस्थामा सोही पदमा अर्कै व्यक्तिको घोषणा आफूहरुलाई मान्य नहुने उनले बताए । डिस्ट्रिक्ट गभर्नर लायन विनय बस्नेतले निर्वाचनमा प्रक्रिया नपुगेको भन्दै मान्यता नदिएपछि विवाद सुरु भएको हो ।

बस्नेतले भदौ १५ गतेसम्म निर्वाचन सम्पन्न गर्न निर्देशन दिएको तर, सोही मितिमा सम्पन्न निर्वाचनको मान्यता भने नदिएको यादव पक्षको आरोप रहको छ । यस विषयमा यादवले उच्चअदालत पाटनमा रिट दायर गरेका छन् । अदालतले कार्तिक ११ गते आदेश जारी गर्दै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न निर्देशन दिएको थियो । कार्तिक १४ गते दुबै पक्षलाई छलफलमा बोलाएकोमा सोही दिन विपक्षीले पुन: निर्वाचन गरी अंकिता सुमार्गीलाई सेकेन्ड भाइस गभर्नर पदमा निर्वाचित गरेकोप्रति यादवले असन्तुष्टि जनाए । एकपटक विधिपूर्वक सम्पन्न भएको निर्वाचनलाई पुन: अस्वीकार गरी अर्को निर्वाचन गराउने प्रयास लायन्सको गरिमा र अनुशासनमाथि ठाडो प्रहार भएको यादवको तर्क छ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना